जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ९० २०८० साल कात्तिक १८ गते शनिबार (4 Nov. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भाषा आयोगमा कार्यक्रमतर्फ शून्य बजेट, ३ पृष्ठमा : अब चिनीको अभाव नहुने,.. ३ पृष्ठमा : विषाक्त धुवाँका कारण...

# खडक नगरपालिका ११ बालविवाह मुक्त घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक ।**

बालविवाहलाई न्यूनीकरण गर्ने उद्देश्यले सप्तरीको खडक नगरपालिका ११ नं. वडालाई बालविवाह मुक्त घोषणा गरिएको छ।

सो वडास्थित बनौलीमा शुक्रबार आयोजित एक समारोहबीच नगर प्रमुख जयप्रकाश चौधरीले बालविवाह मुक्त वडा घोषणा गरे।

सबल नेपाल र सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित समुन्नती परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा आयोजित समारोहमा कार्यक्रममा स्थानीय र सरोकारवालाहरुले अब उपरान्त बालविवाह नहुने प्रतिबद्धता जनाएर बालविवाह मुक्त वडा घोषणा गरिएको सबल नेपालका कार्यक्रम

***बाँकी अन्तिम पृष्ठमा***

# दुई पाइलटको लाइसेन्स निलम्बन

काठमाडौं, १७ कात्तिक (रासस)।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले दुई विमान चालकको लाइसेन्स निलम्बन गरेको छ। शुक्रबार बिहान रामेछापको मन्थली विमानस्थलमा तारा एयरका दुई पाइलटहरू वरिष्ठ क्याप्टेन सन्तोष शाह र क्याप्टेन सञ्जीव श्रेष्ठबीच विमानस्थल परिसरमै कुटाकुट भएपछि उनीहरूको लाइसेन्स निलम्बन गरिएको क्यानका प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले जानकारी दिनुभयो।

"राष्ट्रिय सुरक्षा मापदण्डको उल्लङ्घनको कारण अर्को सूचना नभएसम्म दुई वरिष्ठ क्याप्टेनको लाइसेन्स निलम्बन गरिएको छ। विस्तृत अनुसन्धानपछि लाइसेन्स खारेज वा नियमबमोजिम अन्य दण्डात्मक कारबाही हुन सक्छ", उहाँले भन्नुभयो। एउटै कम्पनीका दुई पाइलटबीच के कति कारणले कुटाकुट भएको त्यो भने खुल्न नसकेको क्यानले जनाएको छ।

**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो। भर्ना खूल्यो॥ भर्ना खुल्यो॥।

फारम भर्ने अन्तिम मिति : २०८०/७/२० गते सम्म
प्रवेश परिक्षा मिति : २०८०/७/२२ गते

सीमित सिट मात्र खाली रहेकोले
आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८१७९६७२९७, ९८०४७१२७०५

# नेपाल टि-ट्वान्टी विश्वकपका लागि छनोट



**दैनिक समाचारदाता**
**काठमाडौं, १७ कात्तिक ।**

सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रुपमा आयोजना हुने आईसिसी पुरुष टी-२० विश्वकपका लागि नेपाल छनोट भएको छ।

शुक्रबार मुलपानी क्रिकेट मैदानमा संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल दोस्रो पटक विश्वकपमा छनोट भएको हो। यसअघि नेपाल सन् २०१४ मा विश्वकपमा छनोट भएको थियो।

यूएईले दिएको एक सय ३५ रनका लक्ष्य नेपालले १७ दशमलव एक ओभरमा दुई विकेटको क्षतिमा पूरा गऱ्यो। नेपालको जीतमा विकेटकिपर आशिफ सेखले अर्धशतकीय पारी खेले। उनले ५१ बलमा एक छक्का र सात चौकाको सहयोगमा ६४ रन बनाए।

कप्तान रोहित पौडेलले दुई छक्का र दुई चौकको सहयोगमा ३५ रन बनाए भने गुलशन झाले २२ र कुशल भुर्तेलले ११ रन बनाए। यूएईका लागि निलान्स केस्वानी र बसिल हमिदले एक/एक विकेट लिए।

टस जितेर पहिले ब्याटिङ रोजेको यूएईले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ३४ रन बनायो। यूएईका लागि विकेटविकपर वृत्या अरविन्दले सर्वाधिक ६४ रन बनाए। उनले ५४ बल खेल्दै दुई छक्का र आठ चौका प्रहार गरे। कप्तान मोहम्मद वासिमले १६ बलमा दुई छक्का र तीन चौकासहित २६ रन बनाए। आसिफ खानले १३, अलिसन सफारुले १६ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन्।

नेपालका लागि कुशल मल्लले तीन र सन्दीप लामिछानेले दुई विकेट लिए। साथै सोमपाल कामी र राहित पौडेलले एक/एक विकेट लिए। दुई ब्याटर रन आउट भए।

नेपाल समूह 'ए' बाट उपविजेता र युएई समूह 'बी' को विजेता बन्दै सेमिफाइनलमा पुगेका थिए। समूहको अन्तिम खेलमा

***बाँकी दुई पृष्ठमा***

जाउ जाउ सप्तरीको राजविराज जाउ

**हार्दिक निमन्त्रणा**

**पाँचौ राष्ट्रिय महाधिवेशन**

यहि मिति २०८० कार्तिक १८ गते शनिबारका दिन ११ बजेदेखि सप्तरी जिल्लाको राजविराज स्थित जिल्ला समन्वय समितिको सभा हलमा हुने भएकोले उक्त अधिवेशनमा यहाँहरुको गरिमामय उपस्थितिको लागि विनम्र अनुरोध गर्दछौं।



आयोजक
**नेपाल बड्ही समाज**
केन्द्रीय महाधिवेशन
मूल समारोह समिति
अधिवेशन प्रचार प्रसार :
९८१३८८९०९३ | ९८४०१३०१३०

# प्रतिनिधिसभाको चालु अधिवेशनमा ६५ बैठक

काठमाडौं, १७ कात्तिक (रासस) । प्रतिनिधिसभाको दोस्रो अधिवेशन २०८० साल वैशाख २४ गते आइतबार प्रारम्भ भई बिहीबार कात्तिक १६ गते बिहीबारसम्म जम्मा एक सय ८० दिन चालु रह्यो । जसमध्ये ६१ दिनहरूमा ६५ पटक बैठक बसी संसदीय काम-कारबाहीमा व्यतीत भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ । साथै यस अवधिमा सङ्घीय संसद्को संयुक्त सदनको जम्मा छवटा बैठक बसेको थियो ।

यस अवधिमा प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ५६ को उपनियम (५) को व्यवस्था बमोजिम २०८० जेठ ४ गते, असार ८ र भदौ १२ गतेको बैठकमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो ।

त्यस्तै सभाको पहिलो बैठकमा पेस भएको 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०' लाई मिति २०८० वैशाख २७ गते बसेको बैठकले स्वीकृत गरेको थियो । सभाको यस अधिवेशनमा प्रतिनिधिसभामा आठवटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएको थियो । जसमध्ये तीनवटा विधेयक सङ्घीय संसद्को दुवै सदनबाट पारित भएका छन् । तीनवटा विधेयक समितिमा विचाराधीन रहेका छन् र दुईवटा विधेयक सभामा प्रस्तुत मात्र भएका छन् भने एउटा विधेयक दर्ता मात्रको स्थितिमा रहेको छ ।

साथै सभाको पहिलो अधिवेशन दर्ता भई सम्बन्धित समितिमा विचाराधीन तीनवटा विधेयकमध्ये 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक' सम्बन्धी समितिको प्रतिवेदन बैठकमा पेस भएको छ ।

त्यसैगरी राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा प्राप्त 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' सभाबाट पारित भइसकेको छ भने 'नेपाल विश्वविद्यालय विधेयक, २०८०' सम्बन्धित समितिमा विचाराधीन रहेको छ ।

सभाको पहिलो अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त सातवटा विधेयक सम्बन्धित समितिमा विचाराधीन नै रहेका छन् । प्रतिनिधिसभाको चालु अधिवेशनमा सदस्यहरूबाट दर्ता हुन आएका विभिन्न मन्त्रालयसँग सम्बन्धित एक सय ६२ वटा मौखिक र छवटा लिखित प्रश्नमध्ये एक सय २९ वटा मौखिक र तीनवटा लिखित प्रश्नको उत्तर प्राप्त भएकामा सभाको विभिन्न बैठकमा १५ वटा मौखिक प्रश्नको सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो । प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ४५ को उपनियम (३) बमोजिम उत्तर प्राप्त भएका बाँकी मौखिक र लिखित प्रश्नको उत्तर सभामा टेबुल भएका छन् ।

त्यसैगरी २०८० भदौ ६ गतेको बैठकमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम पेस भएको थियो ।

*नेपाल टि-ट्वान्टी ...*

नेपाल ओमानसँग पाँच रनले पराजित भएको थियो । समूह चरणको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेट र मलेसियालाई छ विकेटले पराजित गरेको थियो ।

शुक्रबारै भएको पहिलो सेमिफाइलमा ओमानले बहराइनलाई १० विकेटले पराजित गरेको छ । आइतबार हुने फाइनलमा नेपाल र ओमान भिड्नेछन् ।

# भाषा आयोगमा कार्यक्रमतर्फ शून्य बजेट, पदाधिकारी/कर्मचारी कामविहीन

काठमाडौँ १७ कात्तिक (रासस) । भाषा आयोगका लागि चालु आर्थिक वर्षमा कार्यक्रमतर्फ कुनै बजेट विनियोजन नभएपछि लोपोन्मुख भाषाको अध्ययन, अभिलेख, संरक्षणलगायत कार्य प्रभावित भएका छन् । कार्यक्रमतर्फ बजेट नहुँदा आयोगका आठ पदाधिकारी र ४९ कर्मचारी कामविहीन जस्तै भएका छन् ।

नेपालको संविधान जारीपछि स्थापित आयोगमा सदस्य नियुक्त नहुँदा सुरुका चार वर्ष अध्यक्ष डा लवप्रसाद अवस्थीको एकल नेतृत्वमा क्षेत्रगत काममा आधारभूमि तयार भएको थियो भने हाल अध्यक्ष अध्यक्ष डा गोपाल ठाकुर र सात सदस्य पूर्ण भएपछि कार्यक्रम र बजेट शून्य हुनु विडम्बनापूर्ण भएको आयोगका पदाधिकारीको गुनासो छ ।

आर्थिक मन्दीका कारण हरेक निकाय र क्षेत्रमा नेपाल सरकारको बजेट कटौती भए पनि केही न केही कार्यक्रम र बजेट विनियोजन हुने गरेकामा यस आयोगलाई कार्यक्रमतर्फ शून्य बजेट हुनु आफूहरूका लागि आश्चर्यको विषय बनेको अध्यक्ष डा ठाकुरले बताउनुभयो ।

आयोगले बजेट नहुँदा शब्द सङ्कलन, शब्दकोष निर्माण र व्याकरण लेखन कार्यसमेत प्रभावकारीरूपमा सञ्चालन गर्न नसकिएको आफ्नो सातौँ वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । यस्तै साधनस्रोतको अभावमा भाषिक सर्वेक्षण, मातृभाषाको प्रयोगको सम्भव्यता अध्ययन, विद्यालयमा भाषिक नक्साङ्कन, लोकवार्ता सङ्कलन, समाज भाषावैज्ञानिक सर्वेक्षण, नेपाली भाषाको अध्ययन, शास्त्रीय भाषाको अध्ययन, नेपालमा प्रचलित लिपिहरूको अध्ययन, साङ्केतिक भाषासम्बन्धी कार्यक्रम, भाषासम्बन्धी प्रचारमुखी श्रव्यदृश्य सामग्री, भाषिक इतिहास लेखन, भाषिक पाठ सङ्कलन, भातृभाषाका शिक्षका लागि पाठ्यसामग्री निर्माण, विगतका अध्ययनहरूको प्रकाशन र प्रबोधीकरणका काम हुन सकेका छैनन् ।

आयोगको पाँचवर्षे रणनीतिक मार्गचित्रमा परेको आदिवासी भाषाहरूको अन्तर्राष्ट्रिय दशक कार्यान्वयनसम्बन्धी कार्यक्रम र प्रदेशहरूमा सरकारी कामकाजको भाषाको प्रयोगमा सहजीकरण गर्न पनि कठिनाइ भएको छ । "चालु आर्थिक वर्षमा आयोगलाई कार्यक्रमका लागि कुनै बजेट विनियोजना छैन । हालसम्म आएको छैन । सम्पर्क मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयमा पटक-पटक भनेका छौँ । कतैबाट केही मिल्छ कि भन्ने आशा राखेका छौँ । मन मारिसकेका छैनौँ", अध्यक्ष डा ठाकुरले राससर्सँग भन्नुभयो, "आयोगको यस दुरावस्थाबारे राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', विभागीय मन्त्री सुदन किरातीलगायतलाई पनि आग्रह गरिएको छ । प्रधानमन्त्री दाहालले केही गरौँला भन्नुभएको छ ।"

उहाँले प्रदेशमा आयोगको पनि शाखा खोल्ने र त्यसका लागि प्रदेश सरकारसँग समन्वय गरी कोसिस गरिएको र मातृभाषा शिक्षाको कार्यान्वयनका लागि स्थानीय तहमार्फत सकारात्मक काम भएको जनाउँदै सरकारदेखि सरकारसम्म हातेमालो गर्न आफूहरू प्रयत्नशील रहेको बताउनुभयो ।

आयोगले गत असोज १४ गते राष्ट्रपति पौडेलसमक्ष सातौँ वार्षिक प्रतिवेदन बुझाएको थियो । आयोगमा आर्थिक वर्ष २०७९/८० का लागि पूँजीगत खर्च रु लाख ८० हजार रहेकामा रु ९४ लाख ४१ हजार दुई सय ९० (९५ दशमलव २७ प्रतिशत) खर्च भएको छ । उक्त आर्थिक वर्षमा चालु वर्ष रु पाँच करोड २२ लाख १६ हजार विनियोजित भएकामा चार करोड ७९ लाख ४० हजार तीन सय २२ (९१ दशमलव ८१ प्रतिशत) खर्च भएको छ ।

आयोगका प्रवक्ता कमला भण्डारी पाण्डेले कार्यक्रमका लागि बजेट शून्य भएकाले प्रशासनिक खर्च र तलब भत्तामा मात्र खर्च हुने गरेको र वार्षिक प्रतिवेदन बुझाई सकिएपछि आफूहरूलाई खास काम नभएको बताउनुभयो । उहाँले यस आर्थिक वर्षका लागि पूँजीगत (कार्यक्रम) तर्फ न्यूनतम् रु तीन करोड बजेट मागिए पनि शून्य बजेट परेको गुनासो गर्नुभयो । बजेट ल्याउने विषयमा पदाधिकारीहरूले माथिल्लो तहबाट पहल भइरहेको उल्लेख गर्दै उहाँले आफूहरू विना बजेटमा नयाँ काम गर्न नसक्ने भएकाले दैनिक कार्यालय आउने, हाजिर गर्ने र बस्ने गरेको स्वीकार्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको योजना महाशाखाका उपसचिव कृष्णकुमारी श्रेष्ठले उक्त आयोगका लागि प्राप्त बजेट सीमाबमोजिम बजेट प्रविष्ट गरी अर्थ मन्त्रालयमा पठाइए पनि अनिवार्य दायित्व धेरै भएकाले कार्यक्रमतर्फ बजेट उपलब्ध नभएको स्पष्ट गर्नुभयो । उहाँले कार्यक्रमका लागि थप बजेट निकासा गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएम कुनै शीर्षकबाट रकमान्तर हुन सक्ने बताउनुभयो ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा बोलिने भाषाको सङ्ख्या एक सय २४ छ । नेपालको संविधानको धारा, २८७ बमोजिम स्थापित आयोगले संविधान र भाषा आयोग ऐन, २०७४ बमोजिम आफ्ना कार्यहरू सम्पादन गर्दै आएको छ ।

आयोगले सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू उल्लेख गरी भाषाहरूको सिफारिस गर्ने, नेपालका भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि सिफारिस गर्ने, मातृभाषाहरूको स्तर मापन गरी शिक्षामा प्रयोग सम्भाव्यतासम्बन्धी सुझाव दिने र भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमनसित सम्बन्धित काम कारबाहीका बारेमा सिफारिस गर्ने कार्य गर्दै आएको छ । नेपाल सरकारबाट २०७३ भदौ २३ गते सो आयोगको गठन भएको थियो ।

# आयुर्वेदको क्षेत्रमा भारत र नेपालबीच थप सहकार्यको आवश्यकता

काठमाडौँ, १७ कात्तिक (रासस) । नेपालस्थित भारतीय राजदूतावासले आठौँ आयुर्वेद दिवसका अवसरमा परम्परागत चिकित्सा विशेषगरी आयुर्वेदको क्षेत्रमा भारत र नेपालबीच थप सहकार्य सम्भावनाबारे एक कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा बासुदेव उपाध्यायले आयुर्वेद नेपालको स्वास्थ्य सेवाको मान्यताप्राप्त प्रणाली भएको उल्लेख गर्नुभयो । साथै उहाँले नेपाल सरकारले आयुर्वेदको प्रवर्द्धनका लागि लिएको पहलबारे प्रकाश पार्नुभएको थियो ।

दूतावासका नियोग उपप्रमुख प्रसन्न श्रीवास्तवले आयुर्वेदलगायत परम्परागत चिकित्सा क्षेत्रमा भारत र नेपालबीच रहेको सहकार्यबारे चर्चा गर्नुभयो । साथै उहाँले ज्ञान, विशेषज्ञता तथा क्षमता अभिवृद्धिको आदान-प्रदानमार्फत आयुर्वेदमा सहकार्य प्रवर्द्धन गर्न चालिएका विविध पहलबारे जानकारी गराउनुभएको थियो । यस वर्षको आयुर्वेद दिवसमा मनाइने उत्सव भारतको अध्यक्षतामा सम्पन्न जी-२० सम्मेलनको नारा 'वसुधैव कुटुम्बकम'सँग मेल खाने उपप्रमुख श्रीवास्तवको भनाइ थियो ।

डाबर नेपालका व्यवसाय प्रमुख हरकिरतसिंह वेदीले डाबरले

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अँध्यारा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# अब चिनीको अभाव नहुने, तीन हजार मेट्रिकटन पठाइयो बजारमा

काठमाडौँ, १७ कात्तिक (रासस) । तिहारको समयमा चिनीका अभाव हुन नदिन एभरेष्ट सुगर मिल्समा मौज्दात रहेको तीन हजार मेट्रिक टन चिनी बजारमा पठाउन थालिएको छ । विभिन्न पेय पदार्थ उत्पादक कम्पनीका नाममा बिक्री भएर उद्योगमै मौज्दात रहेको उक्त परिमाणको चिनी वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको सक्रियतामा खुद्रा व्यापारीमार्फत बजारमा पठाउन लागिएको हो ।

बिहीबार गुह्येश्वरी ट्रेड लिङ्कमार्फत एक सय ६० बोरा चिनी क्षेत्रपाटी, शोभाभगवती, पकनाजोल र नरदेवीलगायत क्षेत्रका खुद्रा पसलमा बिक्रीका लागि पठाइएको नेपाल खुद्रा व्यापार सङ्घका कार्यवाहक अध्यक्ष नरेश खड्गीले राससलाई जानकारी दिनुभयो । शुक्रबार काठमाडौँका भित्रि सहरका पसलमा थप छ सय बोरा चिनी पठाइने उहाँले जानकारी दिनुभयो ।

सङ्घले उपलब्ध गराएको चिनी खुद्रा व्यापारीले प्रतिकिलो रु एक सय १७ बिक्री गर्नेछन् । "हामीले सङ्घका सदस्य व्यापारीलाई चिनी प्रतिकिलो रु एक सय १७ मा बिक्री गर्न निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "उपभोक्ताले चिनीका लागि निर्धारित मूल्यभन्दा बढी तिर्न पर्दैन ।"

सङ्घले उपलब्ध गराएको चिनी पाइने सूचना प्रत्येक पसलमा टाँस गर्न व्यवसायीलाई आग्रह गरिएको उहाँको भनाइ छ । काठमाडौँ उपत्यकामा एक हजार सात सय बढी खुद्रा व्यापारी सङ्घमा आबद्ध छन् ।

वाणिज्य विभागमा महानिर्देशक तीर्थराज चिलुवालले अब विस्तारै चिनीको अभाव हट्दै जाने बताउनुभयो । खुद्रा व्यवसायीले लागत मूल्यमा नै चिनी बिक्री गर्ने उहाँले जानकारी दिनुभयो । यसैबीच, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको सरोकारवालाको बैठकले बजारमा चिनीको अभाव हुन नदिन सबै रणनीति अख्तियार गर्ने निर्णय गरेको विभागका महानिर्देशक चिलुवालले जानकारी दिनुभयो । बैठकले अवैध ढङ्गले नेपाली बजारमा चिनी भित्रिएको र चर्को मूल्यमा करछली गर्दै बजारमा पठाइने गरेको निष्कर्ष निकाल्दै चिनीको कालोबजारी रोक्न राज्यका सम्पूर्ण निकायलाई परिचालित गर्ने निर्णय गरेको थियो ।

नेपाल प्रहरीले नेपालमा रहेका सबै चिनी उद्योगको मौज्दात अवस्था जाँच गर्ने र मौज्दात चिनी बजारमा पठाउन उद्योगीसँग छलफल गर्ने, अवैध ढङ्गले भित्रिएका वा गोदाममा थन्किएको चिनीको खोजीका लागि अनुगनम गर्ने निर्णय बैठकले गरेको महानिर्देशक चिलुवालले जानकारी दिनुभयो ।

### *आयुर्वेदको क्षेत्रमा ...*

नेपालबाट जडीबुटी सङ्कलन गर्न आपूर्ति शृङ्खलाको विकास गर्नाको साथै स्थानीय समुदायका लागि दिगो जडीबुटी खेती गर्ने अवसर प्रदान गरेको बताउनुभयो । नेपाल आयुर्वेद चिकित्सक सङ्घका अध्यक्ष डा श्यामबाबु यादवले नेपालमा आयुर्वेद चिकित्साको प्रमुख अङ्ग भएको बताउनुभयो । साथै उहाँले नेपालमा यसको समृद्ध इतिहासबारे जानकारी गराउनुभयो ।

भारत सरकार, आयुष मन्त्रालयले सन् २०१६ देखि हरेक वर्ष धनवन्तरी जयन्ती (धनतेरस)मा आयुर्वेद दिवस मनाउँदै आएको छ । सन् २०२३ नोभेम्बर १० मा मनाइने आठौँ आयुर्वेद दिवसको नारा 'एक स्वास्थ्यका लागि आयुर्वेद-हरेकका लागि हरेक दिन आयुर्वेद' रहेको छ । स्वस्थ भविष्यका लागि एक पृथ्वी एक स्वास्थ्य भावनामा केन्द्रित रही आयुर्वेदको प्रवर्द्धनमार्फत भारत र नेपालबीचको सम्बन्धलाई अझ बलियो बनाउन भारतीय राजदूतावासले प्रतिबद्ध रहेको जनाएको छ । बिहीबार सम्पन्न उक्त कार्यक्रममा नेपाल सरकार, नेपाल आयुर्वेद चिकित्सक सङ्घ, नेपाल चेम्बर अफ कमर्स र नेपाल आयुष उद्योगका प्रतिनिधि सहभागी थिए ।

राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. ४४५

मिती :- २०८०।७।१७

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने **श्रीमतिसुर्जा देवीले** तर्पासलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८०।७।१६ गते मा द.न.५५० को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.१० हाल १ बस्ने भोला सुतिहार नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ८ | ३०७ | ०-२-१९ |
| सप्तरी | चनौरा पडरीया | ८ | ३५२ | ०-६-४ |
| सप्तरी | चनौरा पडरीया | ८ | ३५८ | ०-२-१९ |
| सप्तरी | चनौरा पडरीया | ८ | ३६८ | ०-१-१९ |

२०८०/6/16
खेलानन्द यादव
नि.वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.१

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० बर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ विपरित भएको विवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानुनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**

## विश्व समाचार

### विषाक्त धुवाँका कारण नयाँदिल्लीमा विद्यालय बन्द

नयाँदिल्ली, १७ कात्तिक (रासस/एएफपी) ।

विषाक्त धुवाँका कारण भारतको राजधानी नयाँदिल्लीमा शुक्रबार विद्यालय बन्द गरिएको छ । विषाक्त धुवाँले नयाँदिल्लीका तीन करोड बासिन्दाको जीवन कष्टपूर्ण बनेको छ । किसानले जलाएको परालको धुवाँ, सवारी साधनबाट निस्कने धुवाँ र कारखानाको उत्सर्जनले हरेक जाडोयाममा राजधानी नयाँदिल्लीलाई घातक धुवाँले ढाक्छ ।

अनुगमन गर्ने संस्था आइक्यूएयरका अनुसार शुक्रबार सबैभन्दा खतरनाक पिएम२.५ कणहरूको स्तर विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेकोभन्दा दैनिक ३५ गुणा अधिक थियो । पिएम२.५ कण रक्त प्रवाहमा प्रवेश गर्नसक्ने अति सानो कण हो । नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले बिहीबार राजधानीका सबै प्राथमिक विद्यालय कम्तीमा दुई दिनका लागि बन्द रहने घोषणा गर्नुभएको थियो ।

### जर्मनीद्वारा हमासका गतिविधिमाथि पूर्ण प्रतिबन्ध लगाउने घोषणा

बर्लिन, १७ कात्तिक (रासस/एएनआई) ।

जर्मनीले हमासका गतिविधिमाथि पूर्णरूपमा प्रतिबन्ध लगाउने घोषणा गरेको छ । जर्मनीले इजराइलविरोधी गतिविधि गर्ने तथा यहूदीविरोधी विचारहरु फैलाउने एउटा प्यालेस्टिन समर्थक समूहलाई विघटन गर्न आदेश दिएको पनि अल जजिराले बताएको छ । जर्मनीका गृहमन्त्री न्यान्सी फेसरले बिहीबार हमास वा उसको समर्थनमा हुने गतिविधिमाथि औपचारिकरूपमा प्रतिबन्ध लगाइएको बताउनुभयो । हमासलाई जर्मनीले 'आतङ्कवादी' सङ्गठन मानेको छ । उहाँले भन्नुभयो, "इजराइललाई नष्ट गर्ने उद्देश्य राखेको आतङ्कवादी सङ्गठन हमासका गतिविधिमाथि मैले शुक्रबार पूर्णरूपमा प्रतिबन्ध लगाएको छु ।"

जर्मनीको उक्त निर्णयप्रति प्रतिक्रिया दिँदै लेबनानमा हमासका एक अधिकारीले उक्त कदमबाट जर्मनी प्यालेस्टिनी नागरिकविरुद्धको अपराधमा इजराइलसँग साझेदारीमा रहेको थाहा भएको बताएको अल जजिराले उल्लेख गरेको छ ।

लेबनानमा हमासका प्रतिनिधि ओसामा हमदानले भन्नुभयो, "जर्मन राजनीतिक मानसिकता एउटा नरसंहार मानसिकता हो जसले सबै मानिसलाई प्रभावित गर्दछ र एउटा पार्टी वा अन्य कुनैसम्म सीमित छैन भन्नेबारेमा प्रश्न गर्न यसले हामीलाई ठाउँ दिएको छ ।"

यसबाहेक मन्त्री फेसरले हमाससहितका समूहरूको 'समर्थन र महिमा गर्ने' समिडोन नेटवर्कको जर्मन शाखामाथि प्रतिबन्ध लगाएर त्यसलाई भङ्ग गर्ने जानकारी दिनुभयो । हमासले अक्टोबर ७ मा इजराइलमाथि गरेको हमलाको समर्थनमा समिडोनले बर्लिनको एक सडकमा पेस्ट्री बाँडेर खुसियाली मनाएको थियो । मन्त्री फेसरले भन्नुभयो, "इजराइलविरुद्ध हमासको भीषण आतङ्कवादी हमलाको जवाफमा जर्मनीमा स्वत:स्फूर्त 'खुसी समारोह' आयोजना गरेर समिडोनले विशेषगरेर घृणित तरिकाले यहूदी विरोधी र अमानवीय विश्व दृष्टिकोण प्रदर्शन गरेको छ ।"

### इरानबाट तीन हजारभन्दा बढी अफगान आप्रवासी स्वदेश फर्किए

काबुल, १७ कात्तिक (रासस/एएनआई) ।

तालिबान नेतृत्वको अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले तीन हजारभन्दा धेरै अफगान आप्रवासी इरानबाट स्वदेश फर्किएको बताएको अफगानिस्तानस्थित खामा प्रेसले जनाएको छ । बिहीबार तालिबान नेतृत्वको मन्त्रालयले सामाजिक सञ्जाल एक्समा अफगान मुल्का करिब तीन हजार छ सय ७६ मानिस जबरजस्ती तथा स्वेच्छाले अफगानिस्तान फर्किएको बताएको छ ।

तीमध्ये तीन सय तीन परिवारलाई पहिचान सहयोगको आवश्यकता परेको थियो र उनीहरूलाई सहयोगका लागि अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) को कार्यालयमा पठाइएको तालिबानले नियुक्त गरेको सीमा क्षेत्र इस्लाम कलाका अधिकारीलाई उद्धृत गर्दै खामा प्रेसले बताएको छ ।

बुधबार तालिबान सरकारले नोभेम्बर १ सम्म चार हजारभन्दा धेरै अफगान आप्रवासीलाई पाकिस्तानबाट जबरजस्ती फर्काइएको बताएको थियो । खामाका अनुसार सरकारहरूले शरणार्थी र आप्रवासी जनसङ्ख्याको व्यवस्थापन जारी राखेका कारण यो स्थितिले ती देशमा अफगान आप्रवासीहरूको आगामी चुनौती र कठिनाइहरूलाई देखाउँछ ।

यसैबीच अफगानिस्तानस्थित टोलो न्युजका अनुसार तोर्खम आप्रवी शिविरका चिकित्सकले आफूले पाकिस्तानबाट फर्किएका करिब दुई हजार बिरामी आप्रवासीको उपचार गरेको बताएका छन् । अफगान आप्रवासीहरूलाई राम्रो उपचार गर्न आफूहरू तयार रहेको चिकित्सकहरूले बताएका छन् ।

खालिद बिन वालिद कोरस्थित सैन्य अस्पतालका प्रमुख सलाहद्दीन अयुबीले भन्नुभयो, "यहाँ बालबालिका, महिला र पुरुष बिरामी छन्, उनीहरूमा सर्जिकल बिरामी पनि छन्, अधिकांश बिरामीको यहाँ उपचार हुन सक्तैन, हामी उनीहरूलाई केन्द्रमा पठाउने छौँ, अहिलेसम्म हामीले एक हजार एक सय १२ मानिसको उपचार गरेका छौँ र हामी अहिले पनि आफ्ना देशवासीको सेवा गरिरहेका छौँ ।"

# काँग्रेस सप्तरीद्वारा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम




**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक ।**

नेपाली काँग्रेस सप्तरीले राजविराजमा शुक्रवार शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेस मधेश प्रदेशका सह-महामन्त्री परशुराम चौधरीले ब्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गरे । काँग्रेसको बार्षिक र नियमित क्यालेण्डर अनुसार प्रत्येक बर्ष गरिदै आएको कार्यक्रममा प्रमुख अतिथि चौधरीले सबैलाई सुख समृद्धिको शुभकामना दिए ।

यसैगरि लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रिय उपाध्यक्ष अमरकान्त झा, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरी, तिलाठी गाउँपालिकाका प्रमुख अरुण मंडल, कृष्णासवरन गाउँपालिकाका उपप्रमुख कल्पना चौधरी, जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष केदार यादव लगायतकाले शुभकामना मनतव्य व्यक्त गरे ।

कार्यक्रमको ब्यानरमा चियापान लेखिए पनि मेनुमा परिवर्तन गरिएको काँग्रेसका जिल्ला सचिव सनत मंण्डलले जानकारी दिए । उनले काँग्रेसले चियापानकै नामबाट शुभकाना आदानप्रदान कार्यक्रमको आयोजना गर्दै आएपछि यसपालि चिया संगै खाजामा दही र जिलेबीको व्यवस्था मिलाईएको बताए ।

कार्यक्रमको अध्यक्षताको आसन ग्रहेरका नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहले दिपावली, छठको अवसरमा शुभकामना दिदै सबैको सुख समृद्धिका लागि कमना गरे ।

# बालबालिकालाई भिटामिन ‘ए’ र जुकोको औषधि खुवाइँदै

काठमाडौं, १७ कात्तिक (रासस) ।

बालबालिकालाई शुक्रबार र शनिबार भिटामिन ‘ए’ र जुकाको औषधि खुवाउँदै छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ‘राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रमअन्तर्गत आज र भोलि भिटामिन ‘ए’ क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाउन थालेको हो ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले देशभरिका महिला स्वास्थ्य स्वयंसेविकाले बालबालिकालाई भिटामिन ‘ए’ र जुकाको औषधि खुवाउन थालेको जानकारी दिनुभयो । आर्थिक वर्ष २०८०/८१ को नियमितरूपमा पहिलो चरणमा यही कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन ‘ए’ कार्यक्रम दसैं परेकाले शुक्रबार र शनिबार खुवाउन थालिएको हो ।

स्वास्थ्य मन्त्रालयले भिटामिन ‘ए’ कार्यक्रम सफल बनाउनका लागि सातवटै प्रदेश सरकारअन्तर्गतका सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई यसअघि नै परिपत्र गरिसकेको छ । यस आवको पहिलो चरणमा तथा दोस्रो चरणमा भिटामिन ‘ए’ कार्यक्रम वैशाखमा महिनामा सञ्चालन गरिन्छ । भिटामिन ‘ए’ करिब २७ लाख बालबालिका र जुकाको औषधि करिब २४ लाख बालबालिकालाई खुवाइने शाखाले जनाएको छ । सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यून गर्नका लागि २०५० सालदेखि भिटामिन ‘ए’ क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो । सरकारले प्रत्येक आर्थिक वर्षमा कात्तिक र वैशाखमा भिटामिन ‘ए’ र जुकाको औषधि बालबालिकालाई निःशुल्क खुवाउने गरेको छ ।

# एमसिसी परियोजना समयमा सम्पन्न गर्ने प्रतिबद्धता

वाशिङटन डिसी, १७कात्तिक (रासस) ।

अमेरिकाको भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री एन पी साउदले एमसिसि परियोजना समयमा नै सम्पन्न गरिने बताउनुभएको छ ।

बिहीबार परराष्ट्रमन्त्री एनपी साउद र मिलेनियम च्यालेञ्ज कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत एलिस अल्ब्राईटबीच वाशिङटन डिसीमा भएको भेटमा मन्त्री साउदले निर्धारित समयमा नै परियोजना पूरा हुने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । एमसिसी परियोजना पाँच वर्षमा नै सम्पन्न गर्ने विषयमा एमसिसीका अधिकारीसँग छलफल भएको वाशिङ्टनस्थित नेपाली दूतावासले जनाएको छ ।

भेटमा अमेरिकाका लागि नेपाली राजदूत श्रीधर खत्री, परराष्ट्र मन्त्रालयका सहसचिव गणेशकुमार ढकाल, दूतावासका अधिकारीहरुलगायत एमसिसीका उपाध्यक्ष जोनाथन ब्रुक्स, नेपालका लागि अमेरिकाका राजदूत डीन आर थम्सन उपस्थित हुनुहन्थ्यो ।

गत भदौ १२ गतेदेखि कार्यान्वयन भएको उक्त परियोजनाअन्तर्गत नेपालको विद्युत् आपूर्ति र यातायात पूर्वाधार निर्माण गरिनेछ । पचास करोड अमेरिकी डलर अनुदानको उक्त आयोजनमा नेपाल सरकारले १३ करोड डलर योगदान गरेको छ ।

***खडक नगरपालिका...***

संयोजक रोशन कुमार मण्डलले जानकारी दिएका छन् ।

एक हजार २ सय ६० घरधुरी रहेको यस वडामा १८ बर्षमुनिका कसैको बिबाह नभएको जनाइएको छ । उक्त वडामा बिगत एक बर्षको अवधिमा २९ वटा बिबाह भएको थियो । जसमध्ये २० बर्षमुनिका पाँच वटा बालबिबाह भएको थियो ।

वडा अध्यक्ष रामकृष्ण चौधरीको अध्यक्षता सम्पन्न कार्यक्रममा २० बर्ष पूरा नगरी बिबाह गर्नाले बच्चा र आमाको प्रजनन् अंगको बिकास नहुने तथा दुबै जनाको ज्यान जोखिममा पर्ने भएकाले कलिलो उमेरमा बिबाह गर्न नहुने सरोकारवालाहरुको जोड थियो । यो संगै खडक नगरपालिका अन्तर्गत तेस्रो वडा बाल बिबाह मुक्त घोषणा गरिएको छ ।

**मंगलमय शुभकामना**

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शुभ दीपावली





**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

**हेलो सरकारःनागरिक सरोकार**

**हेलो सरकार किन ?**

- नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन,
- सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,

त्यसैले हेलो सरकारमा गुनासो गरौं। सार्वजनिक निकायमा भएका कमी कमजोरी, सेवा प्राप्तिमा बञ्चिती, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौं।

कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको निशुल्क टेलिफोन नम्बर १११९ मा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू बन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*